
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १२ गते बुधबार ❑ 24 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## राष्ट्रपति पौडेल र कतारका अमिरबीच भेटवार्ता

**रासस**
काठमाडौं, ११ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनबाट पृथ्वीलाई सुरक्षित राख्ने, हिमाललाई जोगाउने, पानीको स्रोत बचाउने र वातावरण सन्तुलन राख्नेजस्तो साझा चासोको मुद्दामा सहकार्यका लागि कतारलाई आग्रह गर्नुभएको छ ।

राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको दुई दिने राजकीय भ्रमणमा मङ्गलबार अपराह्न यहाँ आउनुभएका कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँग राष्ट्रपति भवन शीतल निवासमा भएको द्विपक्षीय भेटवार्ताका अवसरमा उहाँले यस्तो बताउनुभएको हो ।



"आजको विश्वको साझा समस्या भनेकै जलवायु परिवर्तनबाट हाम्रो पृथ्वीलाई कसरी सुरक्षित राख्ने, हाम्रो हिमाललाई कसरी जोगाउने, पानीको स्रोत कसरी बचाउने र वातावरण सन्तुलन कसरी राख्ने भन्ने नै हो, यसमा सबैको सहकार्य हुन जरुरी छ, यो मानव अस्तित्वको विषय छ, विशेष गरी विकसित मुलुकहरू यस विषयमा बढी गम्भीर हुनुपर्छ भन्ने म ठान्दछु", राष्ट्रपतिको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार राष्ट्रपति पौडेलले मध्यपूर्वी क्षेत्रमा देखिएको द्वन्द्वको वातावरणले हामीलाई चिन्तित तुल्याएको पनि बताउनुभएको थियो । राष्ट्रपति पौडेलले यस क्षेत्रमा युद्धको अन्त्य र शान्तिको पुनःस्थापनाको कामना गर्दै कतारले शान्ति स्थापनाको लागि खेल्दै आएको भूमिकाको प्रशंसा गर्नुभएको थियो ।

त्यस्तै कतारका अमिरले जलवायु परिवर्तनको असरले विश्व नै समस्यामा परेको र यसको न्यूनीकरणसम्बन्धी सम्झौताहरूको सबै मिलेर पालना गरे राम्रो परिणाम आउने र सबैका लागि सुखद् वातावरण तयार हुने बताउनुभयो । कतारका अमिरले नेपालसँग अझ राम्रो सम्बन्ध स्थापित गरेर सहयोगका थप क्षेत्रहरू पहिचानका लागि यो भ्रमण उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्नुभयो । अमिरले कतारको विकासमा नेपालीहरूको ठूलो योगदान रहेकोमा त्यसको प्रशंसा गर्दै आभार प्रकट गर्नुभएको थियो । उहाँले दुई देशबीच बुधबार हुने समझदारी तथा सम्झौता नेपालमा रहेका जलस्रोत, कृषि, पर्यटनजस्ता क्षेत्रहरूमा लगानीको नयाँ सम्भावनाहरू बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो । त्यस्तै नेपाल र कतारबीच सदैव सुमधुर सम्बन्ध रहिआएको बताउँदै राष्ट्रपति पौडेलले हाम्रा सम्बन्ध मित्रता, आपसी सम्मान, विश्वास र सद् भावमा आधारित रहेको स्पष्ट गर्नुभएको थियो । दुई मुलुकबीच नियमितरूपमा उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान हुने परम्परा रहिआएको र यसबाट द्विपक्षीय सम्बन्धको विस्तारमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस ऐतिहासिक भ्रमणले नेपाल र कतारको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको बताउनुभएको थियो । कतारी अमिरले कतारमा नेपाली श्रमिकलाई अझ राम्रो क्षेत्रमा रोजगारी दिने विषयमा योजना बनिरहेको उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलले राजनीतिक रूपान्तरणका मुद्दाहरू टुङ्गोमा पुगेसँगै नेपाल अब आर्थिक विकास र समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्दै विकास र समृद्धि हासिल गर्ने नेपालको प्रयासहरूमा कतारको सहयोग निरन्तर रहने विश्वास पनि व्यक्त गर्नुभएको थियो ।

दुई मुलुकबीच व्यापार, पर्यटन र लगानीका क्षेत्रमा सहकार्यको राम्रो सम्भावना रहेको सन्दर्भमा यी क्षेत्रहरूमा हाम्रो सहयोग एवं सहकार्य भविष्यमा थप घनिभूत हुने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभएको थियो । कतार नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारीको एक प्रमुख एवं आकर्षक गन्तव्य मुलुक रहँदै आएको र आधुनिक कतारको विकासमा नेपाली कामदारहरूले पनि उल्लेखनीय योगदान गरेको स्मरण गराउनुभएको थियो ।

राष्ट्रपति पौडेलले अमिरको दूरदर्शी नेतृत्वमा कतारले गरेको दिगो विकास र समृद्धि देखेर धेरै खुसी लागेको बताउँदै मुलुकलाई एक उच्च विकसित राष्ट्र बनाउने अमिरको दीर्घकालीन सोच र दृढ अठोटको प्रशंसा गर्नुभएको थियो । भेटवार्ता पछि अमिर अल थानीले राष्ट्रपति कार्यालयमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्नुभयो ।

## पर्यटन राजधानी घोषणालाई साकार रुप दिन तीन तहकै सरकारको भूमिका महत्वपूर्ण : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पर्यटन राजधानी घोषणालाई साकार रुप दिन तीन तहका सरकारको भूमिका महत्पूर्ण हुने बताउनुभएको छ ।



मंगलबार पोखरा लेकसाइडमा चारतारे होटलको रुपमा स्तरोन्नति भई सञ्चालनमा आएको होटल पोखरा भिलेज रिसोर्ट एण्ड स्पाको उद्घाटन कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

'एयरपोर्ट देखि होटलसम्म पुग्ने पूर्वाधारहरूसहज हुनुपऱ्यो, गुणस्तरीय हुनुपऱ्यो, त्यसका लागि तीन तहका सरकारको आफ्ना जिम्मेवारी छन्, ती सबै सरकार एक्सन कटमा जानुपर्छ । र, मात्रै राजधानी घोषणालाई साकार दिइरहन सक्छौ' उहाँले भन्नुभयो । पोखरालाई पर्यटकीय राजधानी घोषणा नेपाल सरकारको तर्फबाट गर्नुपर्ने भएपनि त्यसो हुन नसकेको उहाँको गुनासो थियो । यति हुँदा हुँदै पनि प्रधानमन्त्रीको मुखारविन्दबाट घोषणा हुनु भने सुखद रहेको बताउनुभयो । पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न रविन्द्र अधिकारी पर्यटनमन्त्री हुँदा नै प्रस्ताव मन्त्रीपरिषदमा लगेको उहाँले खुलाउनुभयो ।

'त्यतिबेला कोही चितवन भन्ने, कोही काठमाण्डौ त छदैछ भन्ने, कोही के भन्ने त चलिरहेको थियो, त्यो प्रस्ताव क्याविनेटमा गएर होल्ड गरेको प्रस्ताव हो' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । नेपाल सरकारले घोषणा नगर्दा दायित्वबाट पन्छिन् खोजेको हो की भन्ने आशंका देखाएको उहाँको भनाई छ । 'नेपाल सरकारले घोषणा गर्नुको भित्र धेरैं दायित्वहरु छन् । त्यो दायित्वबाट पन्छिन खोजेको त होइन । त्यही पनि हामी खुशी छौ । हाम्रो दावा रह्यो' उहाँले थप्नुभयो । प्रधानमन्त्रीबाट घोषणा भएपछि यसलाई स्वामित्वको रुपमा लिएर अगाडि बढ्नुपर्ने उहाँको आग्रह छ । पोखरामा अझै केही पूर्वाधारको अभाव भएकोले तीनलाई पुरा गर्नुपर्नेमा उहाँको जोड थियो । 'अन्तरराष्ट्रिय सम्मेलन गर्न सक्ने खालको हलहरूको अभाव छ, होटलहरुको अभाव छ, त्यो लेभलमा पुग्नुपर्नेछ । पर्यटन राजधानी भनेपछि सबैकुरा पुऱ्याउदै जानुपर्छ' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । यहीं समयमा निजी क्षेत्रबाट २५ औं करोड लगानी गरेर चारतारे स्तरको होटल सञ्चालन गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो । निजी क्षेत्र तथा सरकारी क्षेत्रबाट यस्ता धेरैं पर्यटन प्रवर्द्धनका काम हुन् भन्ने कुरामा सबै सकारात्मक हुनुपर्ने उहाँको भनाई थियो । व्यवसायीहरूले व्यसायमा गुणस्तरियता दिनुपर्ने समेत उहाँले बताउनुभयो । २०६६ सालबाट थ्रीस्टारको सुविधा दिएको होटल स्तरोन्नती गरेर फोर स्टार लेभलमा सञ्चालन गर्न लागिएको सञ्चालक हरी शर्मा गैह्रेले बताउनुभयो । होटलमा डिलक्स, सुपर डिलक्स, हनिमुन, स्विट गरेर ६५ वटा रुम र तीनवटा हल रहेको उहाँले खुलाउनुभयो । उद्घाटन कार्यक्रममा बोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा वर्षमा २० लाख पर्यटक ल्याउन सक्ने आधार रहेको दावी गर्नुभयो । पोखरालाई २४ सै घण्टा खुलाउनको लागि मुख्यमन्त्री अधिकारीले महत्वपूर्ण भूमिका खेलेको उहाँको भनाई थियो । उहाँले पोखराको पर्यटन क्षेत्रमा ६ अर्बको लगानी रहेको खुलाउनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, पोखरा महानगरपालिका वडा नं. ६ का अध्यक्ष विष्णु बहादुर भट्टराई, होटलका जनरल मेनेजर लक्ष्मण खड्का, सञ्चालक बालकृष्ण गैह्रे लगायतले बोल्नुभएको थियो ।

## नेपाल र कतारबीचका महत्वपूर्ण द्विपक्षीय सम्झौताहरु

**रासस**
काठमाडौं, ११ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा कतारका अमिर शेख तमिम बिन हमाद अल थानी मंगबारदेखि नेपालको दुईदिने राजकीय भ्रमणमा रहनुभएको छ । नेपालले लगानी सम्मेलन आयोजना गर्न लागेको पूर्वसन्ध्यामा भएको अमिर शेख थानीको भ्रमणले अन्तर्राष्ट्रियस्तरमा पनि नेपालबारे सकारात्मक सन्देश जाने अपेक्षा गरिएको छ ।

मन्त्रिपरिषद्को यही वैशाख ६ गतेको बैठकले अमिर शेख थानीको नेपालको राजकीय भ्रमण कार्यक्रम स्वीकृत गर्ने, कतारी पक्षसँग हुने वार्ताको नेतृत्व प्रधानमन्त्रीले गर्ने तथा विभिन्न द्विपक्षीय सम्झौताका लागि सहकार्यसम्बन्धी समझदारीपत्रलाई स्वीकृत गरेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार नेपाल र कतारबीच युवा तथा खेलकुद क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र र शिक्षा तथा वैज्ञानिक अनुसन्धानका क्षेत्रमा हुने सहकार्यसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । नेपाल र कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालले सन् २००० जुलाई ११ मा दोहामा राजदूताबास स्थापना गरेको थियो भने कतारले काठमाडौँमा आफ्नो राजदूतावास सन् २०११ अगस्टमा स्थापना गरेको थियो । त्यसभन्दाअघि कतारको दिल्लीस्थित दूतावासले नेपाल मामिला पनि हेर्ने गर्थ्यो ।

नेपाल र कतार दुवै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र र असंलग्न आन्दोलनका पक्षधर हुन् । शान्ति, सुरक्षा तथा विकासका क्षेत्रमा सहकार्यका लागि विभिन्न अन्तर ाष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरुमा यी दुवै राष्ट्रहरु सदस्यका रुपमा छन् । दुई देशबीच विभिन्न क्षेत्रगत सहकार्यका लागि सम्झौताहरु भएका छन् । तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको भ्रमणका क्रममा सन् २००५ मार्च २१ मा नेपालले कतारसँग श्रम सम्झौता गरेको थियो । सन् २०२१ डिसेम्बर २ र ३ मा काठमाडौँमा सम्पन्न भएको दुई देशका श्रममन्त्रीस्तरीय संयुक्त कमिटीको चौथो बैठकले सन् २००५ मा भएको श्रम सम्झौतालाई पुनरावलोकन गर्ने सहमति जुटाएको थियो । यद्यपि हालसम्म उक्त सम्झौता पुनरावलोकन हुन सकेको छैन । दुई देशबीच सन् २००५ मा आर्थिक, व्यापारिक तथा प्राविधिक सहकार्यसम्बन्धी सम्झौता पनि भएको थियो । सन् २००७ मा नेपालले कतारसँग दोहोरो करमुक्ति सम्झौता गरेपछि त्यहाँका लगानीकर्ताले नेपालका कृषि, पूर्वाधार, ऊर्जालगायत विभिन्न क्षेत्रमा लगानी गरेका छन् ।


नेपाल र कतारबीच द्विपक्षीय हवाई सेवा (नागरिक उड्डयन)सम्बन्धी सम्झौता सन् २००२ जुलाइ ८ मा सम्पन्न भएको थियो । त्यस्तै दुई देशबीच पर्यटन प्रवर्द्धनका लागि पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौतापत्रमा सन् २०११ मा हस्ताक्षर भएको थियो । दुई देशका निजी क्षेत्रबीच पनि सहकार्य हुँदै आएको छ । नेपाल चेम्बर अफ कमर्स र कतार चेम्बर अफ कमर्सले सन् २०१८ मा दुईपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । त्यसैगरी, कतारको मुख्य बैंकमध्ये एक दोहा बैंकले सन् २०१८ डिसेम्बरमा काठमाडौँमा सम्पर्क कार्यालय खोलेको थियो । नेपालका उद्यमीहरु कतारमा सङ्गठितसमेत भएका छन् । सन् २०२१ मार्चमा कतार वित्तीय प्राधिकरण (कतार फाइनान्सियल अथोरिटी) मा 'नेपाली विजनेस एशोसिएसन कतार' नाममा नेपालीहरु सङ्गठित भएर संस्था दर्ता भएको थियो । कतार बेलायतबाट सन् १९७१ मा स्वतन्त्र भएको मुलुक हो । स्वतन्त्र हुनुअघि कतारले आफ्नो अस्थायी संविधान लागू गरिरहेकामा औपनिवेशिक स्वतन्त्रतापछि उक्त संविधानलाई थप संशोधन र परिस्कृत गरी कार्यान्वयनमा ल्याएको थियो । कतारको शासकीय व्यवस्था, कानुन प्रणाली, कार्यकारी अधिकार तथा शासनको उत्तराधिकारीलगायत महत्वपूर्ण विषयहरु समेटेर सन् १९९९ मा स्थायी संविधानको मस्यौदा निर्माणका लागि समिति गठन गर्न अमिरी आदेश जारी गरियो । कतारले सोही वर्ष अर्थात् सन् १९९९ मा पहिलोपटक केन्द्रीय नगर परिषद्को चुनाव गरेको थियो । यसलाई लोकतन्त्रप्रतिको पहिलो कदमका रुपमा कतारले लिँदै आएको छ ।

विभिन्न समयमा दुवै देशबाट उच्चस्तरीय भ्रमणहरु भएका छन् । नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले सन् २०११ को अक्टोबरमा कतारको औपचारिक भ्रमण गर्नुभएको थियो । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले सन् २०१८ को अक्टोबर ३० देखि नोभेम्बर २ सम्म कतारको राजकीय भ्रमण गर्नुभएको थियो ।

सन् २०२२ मार्च २१ देखि २३ गतेसम्ममा नेपालका तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ कतार भ्रमणमा जानुभएको थियो । त्यसैगरी, सन् २०१९ नोभेम्बर २० देखि २२ गतेसम्म तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले कतारको भ्रमण गर्नुभएको थियो । तत्कालनी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# उपभोक्ता हितसंरक्षणमा स्याङ्जा प्रशासनको निगरानी

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ११ बैशाख



उपभोक्ता हित संरक्षणमा स्थानीय सरकारहरु बेखबर बन्न थालेपछि यसको निगरानीमा जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय स्याङ्जाले सक्रियता बढाउन थालेका छन् ।

उपभोक्ता हिसंरक्षणका लागि बजार अनुगमन गर्ने जिम्मेवारी कानुनले स्थानीय सरकारलाई दिएको छ । तर स्थानीय सरकार यसमा बेखबर बन्न थालेपछि जिल्ला प्रशासन र जिल्ला प्रहरीले यसको निगरानी बढाएका हुन् । लुम्बिनी प्रदेश लगायत अन्य भागबाट स्याङ्जा जिल्लामा र स्याङ्जाको बाटो हुदै पोखरा जाने दुध, तरकारी, मासुजन्य, फलफुल लगायतका सामाग्रीको गुणस्तर चेकजाँचमा कडाई गर्न थालिएको छ।

प्रशासनले नेपालगञ्जबाट पोखरा लैजादै गरिएको दुधको गुणस्तर परिक्षण गरेर यसको शुभारम्भ गरेको छ । नमुनाका लागि प्रशासनले नेपालगञ्जबाट पोखरा स्थित सुजल डेरी उद्योगको ग २ ख ४३७ नंवरको ट्याङ्कराट नमुना दुध संकलन गरि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखरा पठाइएको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाका सहायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रमुख प्रहरी उपरिक्षक शालिग्राम शर्मा पौडेल, घरेलु तथा पर्यटन कार्यालयका प्रमुख, पुतलीवजार नगरपालिकाका प्रतिनिधि, नागरिक समाज, पत्रकार महासंघका अध्यक्ष सहित पत्रकारहरु, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराको प्रतिनिधि सहित सिद्धार्थ राजमार्गवाट स्याङ्जा हुँदै पोखरा तर्फ जाँदै गरेको सुजल डेरी उद्योगको दुध वोक्ने ट्याङ्करबाट तिनवटा नमुना संकलन गरि परिक्षणका लागि पोखरा पठाइएको छ। विभिन्न उद्योगवाट जिल्लामा विक्रि वितरण हुने दुध र दुधजन्य पदार्थको गुणस्तर कायम गर्न राजमार्गहुँदै विभिन्न उद्योगमा जाने दुधको परिक्षण गरी गुणस्तरको वारेमा जानकारी लिन नमुना परिक्षणका लागि पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । परिक्षण पश्चात उक्त दुध गुणस्तरहीन प्रमाणित भएमा खाद्य ऐन अनुसार कारबाही प्रक्रिया अगाडि बढाउने जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ । जिल्लामा भित्रने र बाहिरिने दुबै सामाग्रीको अब चेकजाँच अगाडी बढाउने गरी काम गरिएको सहायक प्रजिअ पौडेलले बताए । मानवको स्वास्थ्यमा खेलवाड गर्ने अधिकार कसैसगँ छैन उनले भने,'यसमा प्रशासन निर्मम भएर लाग्ने छ ।' सबै संयन्त्रलाई चलायमान बनाएर उपभोक्ता हित संरक्षणमा प्रशासन अव मौन बस्दैन उनले भने ।

संकलन गरिएको नमुना खाद्य तथा गुण नियन्त्रण कार्यालय पोखरा पठाइएको छ । कार्यालयमा खाद्य निरिक्षक पुर्णकला थापाको नेतृत्वमा आएको टोलीले उक्त नमुना संकलन गरेको हो । यसको रिपोर्ट ४८ घण्टामा आइपुग्ने गुण नियन्त्रक निरिक्षक थापाले बताइन् । कृषिजन्य तरकारीको आयतमा जिल्ला भित्रिने फलफूल तथा तरकारीमा विषादी परिक्षणको काम समेत जिल्ला भित्रिने नाका राम्दीमा सुरु भैसकेको तथा बजारमा विक्रि वितरण गर्ने उपभोग्य वस्तुहरुको समेत अनुगमन गर्ने कार्यक्रम रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रमुख शालिग्राम शर्मा पौडेलले जानकारी दिए । पौडेल स्याङ्जामा प्रहरी प्रमुखको रुपमा आएपछि उपभोक्ता हित संरक्षणमा सक्रिय भएर लागेका छन् । उनले सिद्धार्थ रजामार्ग लगायत भित्रि सडकमा चल्ने सवारी साधनका चालकको लापसे चेकिङ् समेत शुरु गरेका छन्। शुभारम्भकै दिन लागु पदार्थ सेवन गरी सवारी चलाउने ६ जना पक्राउ परेका थिए।



हनुमान लीला : हनुमान जयन्तीको अवसरमा मङ्गलबार पोखरा-३ नारायणस्थानस्थित नीलकण्ठ मन्दिरमा प्रदर्शन गरिएको हनुमान लीला। तस्बिरः रासस

# सीप सिकौं, दक्ष बनौं भन्दै पोखरा १३ द्वारा निशुल्क तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



सीप सिकौं, दक्ष बनौं भन्दै पोखरा महानगरपालिका वडा नं. १३ ले निशुल्क सीपमुलक तालिम उपलब्ध गराएको छ।

एडभान्स कटाई सिलाई तालिम, डिप्लोमा ब्युटी पार्लर तालिम र लोकसेवाको अनलाइन कक्षा निशुल्क रुपमा उपलब्ध गराइएको वडाध्यक्ष किरण बरालले जानकारी दिए । वडाको भौतिक विकास सँगै नैतिक विकासमा पनि आफु सचेत रहेको उनले उल्लेख गरे । वडाका बेरोजगार युवाहरुलाई सीपमुलक तालिम दिलाई रोजगार दिलाउने उद्देश्य स्वरुप कार्यक्रम गरिएको उनले बताए।

"वडाको विकास भनेको भौतिक मात्र होइन, नैतिक पनि हो । बेरोजगार युवाहरुलाई सीपमुलक तालिम उपलब्ध गराई रोजगारी दिलाउने उद्देश्य हो । सीप सिकेर दक्ष बनी आर्थिक उपार्जनमा सक्षम बनाउने बाटोमा वडा अग्रसर छ ।", उनले भने । बरालका अनुसार अहिले सबै गरेर ४५ जना युवायुवतीले निशुल्क तालिम लिइरहेका छन्। निशुल्क तालिम लिन पाउँदा युवायुवतीमा जाँगर भरिएको उनले बताए।

वडाले उपलब्ध गराएको निशुल्क तालिमले आत्मनिर्भर बन्न सिकाउने उनले उल्लेख गरे। सीप सिकेर खाली बस्नुपर्ने अवस्था सिर्जना नहुने उनले बताए।

भौतिक विकास सँगै, शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा पोखरा १३ क्रियाशिल छ। स्थानीय नागरिकको अपेक्षा अनुसारको कार्यलाई क्रमागत रुपमा अगाडि बढाउदै लैजाने प्रतिबद्धता समेत वडाध्यक्ष किरण बरालले गरेका छन्।

# 'पर्यटन विकासका लागि सुविधा सम्पन्न यातायात सेवा अपरिहार्य'

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशले नयाँ वर्ष २०८१ का अवसरमा शुभकामना आदानप्रदान एवम् टेबुल क्यालेन्डर लोकार्पण गरेको छ।

लेकसाइडस्थित होटेल एलेगेन्टमा आयोजित एक कार्यक्रमका बीच प्रमुख अतिथि पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, एनटिभिए गण्डकीका अध्यक्ष दुर्गादत्त दहाल, पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङ, कार्यक्रम संयोजक सुमन कुँवर, एसआरएम कम्पनीका सञ्चालक ओम उपाध्याय लगायतले क्यालेन्डर लोकार्पण गर्नुभएको थियो । कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटकलाई सुविधासम्पन्न यायातात सेवा दिनु जरुरी रहेको बताउँदै पर्यटक यातायातका माध्यमबाट एनटिभिएले पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो। पर्यटक यातायात सञ्चालनका क्रममा आउने हरेक जोखिमीको व्ययभार विमा कम्पनीले नै जिम्मा लिने गरी नेपाल सरकारले नियम बनाएर व्यवसायिक सुरक्षाको प्रत्याभुति गराउनु आवश्यक भएको उहाँको भनाइ छ। व्यवसायिक सुरक्षाका लागि भलाईकोषको स्थापना गरि अघि बढ्नु पर्नेमा उहाँले जोड दिनुभयो । इम्बोष्ड नम्बरका नाममा हरियो प्लेटको पहिचान हराउन नहुने भन्दै उहाँले यसका लागि निरन्तर पहल भैरहेको बताउनुभयो।

एनटिभिए गण्डकी प्रदेशका अध्यक्ष दुर्गादत्त दहालले पर्यटन यातायात सञ्चालन गरिहेको व्यवसायीलाई संगठित गर्दै एनटिभिए बढीरहेको बताउनुभयो। दररेट समेत राखेर संस्थाले टेबुल क्यालेन्डर प्रकाशन गरेको बताउँदै उहाँले यसले व्यवसायिक रुपमा पनि सहज बनाउने विश्वास व्यक्त गर्नुभयो । एनटिभिए गण्डकी प्रदेशका पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङले निजी र पर्यटक सवारी साधनको आयु २० वर्ष तोकिनु खेदप्रद भएको बताउँदै यी सवारी साधनको आयु तोक्नु गलत भएको बताउनुभयो । सवारी दुर्घटना, घाइते, मृतक, सवारी मर्मत सबै जिम्मा विमा कम्पनीले लिनुपर्ने गरी सरकारसँग लबिङ हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

एसआरएम कम्पनीका सञ्चालक ओम उपाध्यायले पर्यावरण जोगाउनका लागि विद्युतीय सवारी साधनको प्रयोग आवश्यक भएको धारणा राख्नुभयो । लेकसाइड क्षेत्रमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेशन राख्न ठाउँ उपलब्ध गराउने कुरामा सम्बद्ध सबैको सहयोग आवश्यक भएको उहाँको भनाइ छ।

एनटिभिए गण्डकी प्रदेशका अध्यक्ष दुर्गादत्त दहालको अध्यक्षता एवम् महासचिव विकास कंडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष रविप्रसाद आचार्यले गर्नुभएको थियो । कार्यक्रममा एनटिभिए सम्बद्ध व्यवसायी, पर्यटन सम्बद्ध संघ संस्थाका अध्यक्ष एवम् प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति थियो।

# गोरखा भूकम्पको सम्झनामा फोटो प्रदर्शनी

**पोखरापत्र संवाददाता**
गोरखा, ११ बैशाख

गोरखा भूकम्पको सम्झनामा बृहत् फोटो प्रदर्शनी हुने भएको छ।

खानी तथा भूगर्भ विभागको आयोजना तथा संवाहिका समाज नेपालको सहआयोजनामा बुधबार विसं २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्पको सम्झनामा खानी तथा भूगर्भ विभाग लैनचौरमा बृहत् फोटो प्रदर्शनी हुन लागेको हो । विभागका महानिर्देशक रामप्रसाद घिमिरेले वैशाख १२ गते गएको विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिलाई स्मरण गराउनका लागि विभागले बृहत् फोटो प्रदर्शनी आयोजना गरेको जानकारी दिनुभयो । उक्त प्रदर्शनीमा भूकम्पले पुऱ्याएको क्षति र आम जनताले भोग्नुपरेको समस्याबारे ५० चित्र प्रदर्शनी हुनेछन्। विसं २०७२ वैशाख १२ गते बिहान ११ बजेर ५६ मिनेटमा गोरखाको वारपाक केन्द्रविन्दु भएर गएको ७.८ रेक्टरस्केलको भूकम्पमा परेर नेपालभर झण्डै १० हजार व्यक्तिले ज्यान गुमाएका थिए । उक्त भूकम्पले कयौँ भौतिक संरचनामा क्षति पुगेको थियो भने हजारौँ सङ्ख्यामा पशु चौपाय मरेका थिए।

## नेपाल...


सभामुख कृष्णबहादुर महराले सन् २०१९ अप्रिल ६ देखि १० गतेसम्म कतार भ्रमणमा जानुभएको थियो । तत्कालीन उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले सन् २०१८ नोभेम्बर १३ देखि १४ कतार भ्रमण गर्नुभएको थियो । नेपाल र कतारबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ४० वर्ष पुगेका अवसरमा सन् २०१७ जनवरीमा तत्कालिन परराष्ट्रमन्त्री प्रकाशशरण महत कतारको आधिकारिक भ्रमणमा जानुभएको थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दु:खपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कतारका अमिरको नेपाल भ्रमण

कतारका राष्ट्राध्यक्ष अमिर शेख तमिम बिन हमाद अल थानी मंगलबार अपराह्न नेपाल भ्रमणमा आएका छन् । उनलाई राष्ट्रपति रामचन्द्र पौडेल आफैँ विमानस्थलमा गएर स्वागत गरेका थिए। उनको भ्रमणका अवसरमा नेपाल सरकारले मंगलवार देशभर सार्वजनिक बिदासमेत दिएको छ । संयोग, गणतन्त्र स्थापना गर्ने निर्णायक आन्दोलन सफल भएको बैशाख ११ गते नै कतारमा अमिरलाई नेपालमा भव्य स्वागत गरियो । विसं २०६३ सालमा आजकै दिन तत्कालीन राजाले आन्दोलनकारीहरूका सबै माग स्वीकार गरेका थिए। त्यही शान्तिपूर्ण आन्दोलनको उपलब्धिमध्ये गणतन्त्र पनि एउटा हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा कतारका अमिरको स्वागत र सम्मानमा ठूला राष्ट्र प्रमुखले पाए जत्तिकै छ। नेपालीको प्रमुख रोजगार गन्तव्य मुलुक भएकाले कतारका शासक अमिरको भव्य स्वागत गरिएको बुझ्न सकिन्छ। भ्रमणका अवसरमा सार्वजनिक बिदा दिने निर्णयको भने सामाजिक संजालमा आलोचना भएको छ । जनसंख्या र क्षेत्रफलका आधारमा कतार नेपालभन्दा करिब १० गुना सानो छ । तर, कतारको प्रतिव्यक्ति आय भने नेपालका तुलनामा ४२ गुना बढी छ । मूलतः खनिज तेलको आयबाट समृद्ध भएको कतारले मध्यपूर्वको राजनीतिमा विशेष रणनीतिक भूमिका खेल्दैआएको छ । आर्थिक हैसियतसँगै कूटनीतिक सक्रियताका कारण कतार सफ्ट पावर बन्नुमा चलाखअमिर थानीको भुमिकाको चर्चा हुने गरेको छ। धनी मुलुक कतार नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य त हुँदै हो नेपालका लागि कतारको आर्थिक सहयोग र लगानी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। यसैले रोजगार र सहायताका प्रस्तावित सम्झौताहरूका साथै कतारको प्रत्यक्ष वैदेशिक लगानीको विषय पनि नेपालले प्राथमिकतापूर्वक प्रस्तुत गर्नुपर्छ ।

दुई देशबीच हुने वार्तामा आर्थिक, सांस्कृतिक, सामाजिक सम्बन्धको विषयहरू समेटिएका छन् । प्रधानमन्त्री पुष्प कमल दाहालसंगको द्विपक्षीय वार्तामा हुने छलफल र संझौताले भ्रमणको महत्त्व बढाउने अपेक्षा गर्न सकिन्छ। कतारका अमिर राष्ट्रपति रामचन्द्र पौडेल बिच दुई पक्षीय भेटवार्ता भएको छ।राष्ट्रपति रामचन्द्र पौडेलले कतारका अमिरलाई विपिन जोशीको रिहाइका लागि पहल गर्न आग्रह गरेका छन।कतारका अमिरले पनि पहल भइरहेको उत्तर दिएर नेपालीको भावना बुझ्न सकेका छन । उनको त्यो पहल सफल भएमा नेपालीको मात्र होइन विश्वले सह्राहना गर्नेछ। श्रम संभ्कौता र कतारको रङ्गशाला निर्माणका क्रममा ज्यान गुमाएका नेपालीको आफन्तहरूले कतारका अमिरबाट न्यायको अपेक्षा गरेका छन्। रङ्गशाला निर्माणका क्रममा श्रमिकहरूको अमानवीय शोषण भएको तथ्यहरू उतिबेरै पनि सार्वजनिक भएको थियो। नागरिक स्तरमा त्यसको विरोध भए पनि नेपाल सरकारले ती मुद्दा नउठाएर गुन लगाएको छ। अमिरले नेपाल भ्रमणका बेला गुन तिर्ने अपेक्षा छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरा लेडी जेसीजमा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



पोखरा लेडी जेसीजको आयोजनामा अभिमुखीकरण तालिम सम्पन्न भएको छ।

वर्ष २०२४ मा जेसीजमा आवद्ध भएका नयाँ सदस्यहरु संस्थाको बारेमा जानकारी दिने उद्देश्यले तालिमको आयोजना गरिएको पोखरा लेडी जेसीज वर्ष २०२४ का अध्यक्ष गायत्री फुयालले जानकारी दिइन्।

संस्थाका अध्यक्ष फुयालको अध्यक्षतामा भएको तालिमको औपचारिक उद्घाटन गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले गरेका थिए। तालिमको सहजिकरण संस्थाकी वर्ष २००५ का अध्यक्ष एवं नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष संगिता पौडेलले गरेकी थिइन्।

कार्यक्रममा संस्थाका सृजना आले सरिता भुजेलले तालिमका बारेमा बोलेका थिए।

# बन्दीपुरको सौन्दर्यता र मौलिकता कायम राख्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

तनहुँको बन्दीपुर पर्यटन बोर्डले पहाडकी रानी उपनामले परिचित बन्दीपुर बजारको सौन्दर्यता र मौलिकतालाई कायम राख्न आग्रह गरेको छ। बन्दीपुरको पर्यटन प्रवर्द्धनका निमित्त गठित बोर्डले मुख्य बजार क्षेत्रको सौन्दर्यता र मौलिकता कायम राख्न व्यवसायीलाई आग्रह गरेको हो।

बोर्डका अध्यक्ष एवं गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बन्दीपुरको सुन्दरता अवलोकनका लागि देश तथा विदेशबाट पर्यटक आउने गरेकाले यसको मौलिकता कायमै राख्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “बन्दीपुर मौलिकताको सहर हो। यहाँ रहेका भक्तपुरे शैलीका घरहरु, संस्कृति अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटक आउँछन्। यसका लागि सबै व्यवसायीको साथ आवश्यक छ।” बोर्डले ऐतिहासिक बन्दीपुर बजारमा रहेका घरमा भएका बाहिरी गल्ली (करिडोर) खुला राख्न आग्रह गरेको थापाको भनाइ छ । बोर्डले सम्बन्धित व्यवसायीहरुले पसल बाहिर सामग्री राखी बिक्रीवितरण नगर्न, प्रत्येक व्यापारी तथा होटल रेष्टुरेन्ट सञ्चालकले मूल्यसूची ग्राहकले देख्ने ठाउँमा अनिवार्य राख्न, बजार क्षेत्रका व्यापारिक प्रयोजनका लागि राखिने फ्लेक्स बोर्डहरु ३० दिनभित्र हटाई काठ वा हस्तलिखित बोर्ड राख्न आग्रह गरेको छ।

सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ। बन्दीपुरमा होटल सङ्घसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन्।

बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउन्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिलेजलगायत होटल सञ्चालनमा छ। बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेपछि पर्यटकलाई थप सहज भएको छ।

गाउँपालिकाका अध्यक्ष थापाका अनुसार गन्तव्यबारे जानकारी नेपाली, अङ्ग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ। बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), बिन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरकफरक भाषामा तयार भएको छ।

# बागलुङमा ३८ वनमा आगलागी : १५ वनको आगो नियन्त्रण बाहिर

**रासस**
बागलुङ, ११ बैशाख

बागलुङको बरेङ गाउँपालिका-२ को सल्लेरी सामुदायिक वनमा गत फागुनको ९ गते भीषण आगलागी भयो । सो आगलागी गाउँले र प्रहरीको सक्रियतामा दुईपछि नियन्त्रणमा आयो । त्यसभन्दा अगाडि जिल्लाको कुनै पनि वनमा आगलागी भएको थिएन।

त्यसयता गलकोट नगरपालिकाका एक दर्जन वनमा आगो सल्कियो। एक सातापछि उक्त आगो नियन्त्रणमा आयो । त्यसलगत्तै ताराखोला, ढोरपाटन र निसीखोला गाउँपालिकाको दुई दर्जन बढी वनमा आगलागी भइसकेको छ । दिनप्रति दिन आगलागी हुँदै गएपछि थुप्रै वन जङ्गल रित्तिएका छन् । आगलागीले वन्यजन्तु तितरवितर बनेका छन्।

आगलागीका कारण हालसम्म मानवीय क्षति भने भएको छैन । करिब एक दर्जन गोठ र पशुचौपाया जलेको डिभिजन वन कार्यालय बागलुङले जनाएको छ । फागुनदेखि हालसम्म ३८ वटा सामुदायिक वनमा आगलागी भएको डिभिजन वन कार्यालय बागलुङकी सूचना अधिकारी लक्ष्मी केसीले जानकारी दिनुभयो। उहाँका अनुसार निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा लागेको आगो अहिले पनि नियन्त्रण बाहिर छ । आगो नियन्त्रणका लागि कर्मचारीसहित स्थानीय खटिएको उहाँको भनाइ छ। अहिले १५ वटा सामुदायिक वनमा लागेको आगो नियन्त्रण बाहिर रहेको केसीले जानकारी दिनुभयो। हालसम्म एक हजार दुई सय हेक्टरभन्दा बढी जङ्गलमा आगलागी भएको उहाँ बताउनुहुन्छ।

अधिकारी केसीले भन्नुभयो, “नागरिकको लापरबाहीका कारण धेरै वनमा आगलागी भएको हो, आगलागी हुनबाट रोक्नका लागि हामीहरुले जनचेतनामूलक कार्यक्रम गर्ने र नागरिकलाई सचेत बनाउनका लागि विभिन्न सञ्चारमाध्यमबाट सूचना प्रवाह गरिरहेका छौँ, वनमा आगो लगाउने केही व्यक्तिलाई नियन्त्रणमा लिएर कारबाहीको प्रक्रिया पनि अगाडि बढाएका छौँ, आगोले ठूलो क्षेत्रफलमा फैलिएको वनमा क्षति पुऱ्याएको छ।” चार दिनदेखि निसीखोला गाउँपालिका-२ मा लागेको आगो अहिले नियन्त्रणमा लिन सकिएको छैन । उपल्लोबेङ्ग्रीदेखि सुरु भएको आगो वडा नं ४ को माझापाख हुँदै बडाचौरको बराह सामुदायिक वनमा फैलिएको छ। हावाहुरीका कारण आगो अझै नियन्त्रणमा ल्याउन नसकेको निसीखोला गाउँपालिका-४ का अध्यक्ष टीकानिधी पौडेलले बताउनुभयो। आगो नियन्त्रणका लागि गाउँले नै लागे पनि असफल भएको उहाँको भनाइ छ । वडा न २ को शान्ति सामुदायिक वनबाट सुरु भएको आगो धेरै ठूलो क्षेत्रफल फैलिएको अध्यक्ष पौडेल बताउनुहुन्छ।

“खडेरी परेको धेरै लामो समय भयो, अहिलेसम्म पानी पर्न सकेको छैन, आगलागी धेरै ठाउँमा भएको छ, एउटा वनबाट सुरु भएको आगो अहिलेसम्म एक दर्जन बढी वन सखाप परेको छ, गाउँले नै उठेर अहिलेसम्म घर गोठ जोगाएका छौँ, तर वनलाई जोगाउन सकेका छैनौँ”, अध्यक्ष पौडेलले भन्नुभयो, “आगो कसले लगाएको हो भन्ने पत्ता लागेको छैन, वर्षा पनि भएको छैन, माटो पनि बल्छ, सयौँको सङ्ख्यामा मान्छे छन्, दिउँसोमा हावाहुरीले गर्दा निभाउन सकिँदैन, राति १ बजेसम्म जनता उठेर नियन्त्रण लिने कोसिस गरे पनि अझै सकिएको छैन।”

आगो नियन्त्रणका लागि गाउँगाउँबाट ठूलो सङ्ख्यामा स्थानीय वनमा पुगे पनि हावाहुरीले गर्दा नियन्त्रण गर्न नसकेको स्थानीय रामबहादुर घर्तीले बताउनुभयो । शुक्रबार साँझदेखिनै आफूहरु सुरक्षित भएर स्याउलाका भरमा आगो निभाउने प्रयास गरेको उहाँको भनाइ छ। सडकभन्दा निकै टाढाको वनमा आगलागी हुँदा दमकलको प्रयोगसमेत गर्न नसकिएको घर्ती बताउनुहुन्छ । आफूहरु रातभर जागराम बसेर आगो नियन्त्रणमा लागेको उहाँले बताउनुभयो।

# तनहुँका २३ सामुदायिक वनमा आगलागी : सबै नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
तनहुँ ११ बैशाख

तनहुँमा २३ वटा सामुदायिक वनमा आगलागी भएको छ। फागुनदेखि वैशाख महिनाको हालसम्म विभिन्न सामुदायिक वनमा डढेलो लागेको हो।

डढेलोका कारण साढे दुई महिनाको अवधिमा एक सय सत्र दशमलव तीन हेक्टर क्षेत्रफलमा आगलागी भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ । जिल्लाका १० पालिकामध्ये सात पालिकामा आगलागी हुनबाट जोगिएको छ । आँबुखैरेनी, घिरीङ र भानु नगरपालिका डढेलो लाग्नबाट बचेको डिभिजन वन कार्यालय तनहुँका वन अधिकृत एवं सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

समयमा आगो नियन्त्रणमा लिन सकिएका कारण वनमा बढी क्षति हुनबाट जोगाउन सकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार व्यास नगरपालिका र म्याग्दे गाउँपालिकाका छ/छ वटा सामुदायिक वनमा डढेलो लागेको थियो। त्यसैगरी ऋषिङ गाउँपालिकामा चार वटा सामुदायिक वनमा डढेलो लागेको छ भने बन्दीपुर, भीमाद, देवघाटमा दुई/दुई र शुक्लागण्डकीको एक सामुदायिक वनमा आगलागी भएको थियो । भौगोलिक विकटताका कारण आगलागीका घटनापछि नियन्त्रणमा लिन कठिनाइ हुने गरेको उहाँले बताउनुभयो । नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, वनका कर्मचारी तथा उपभोक्ताको सक्रियतामा आगो नियन्त्रणमा महत्वपूर्ण भूमिका रहँदै आएको छ। आगलागीबाट वन जोगाउन सचेतनामूलक कार्यक्रमलाई व्यापकरुपमा प्रचारप्रसार गरिएको छ । माइकिङका साथै सञ्चारमाध्यमबाट सचेतनामूलक कार्यक्रम गर्दै आएको सो कार्यालयले जनाएको छ।

डिभिजन वन मातहतमा अग्नि नियन्त्रण कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको छ। वनमा डढेलो लागेको सूचना आउनेबित्तिकै टोली परिचालन गर्ने गरिएको डिभिजन वनका अर्का वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो।

ठूलो परिणाममा आगलागी र जोखिम हुने देखिएमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीसँग समन्वय गरी आगो नियन्त्रणको प्रयास गरिएको छ । तनहुँमा सामुदायिक वन छ सय २४, कबुलियती वन चार सय ८५ र धार्मिक वन ११ वटा रहेका छन्। खडेरी मौसम रहिरहे जेठ महिनासम्म आगलागीको जोखिम रहने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको बन अधिकृत पण्डितले बताउनुभयो।

# पचाल झरनालाई नेपालकै 'अग्लो झरना' को मान्यता दिन आग्रह

**रासस**
काठमाडौं ११ बैशाख

कालीकोटको पचाल झरना गाउँपालिका-३ मा रहेको पचाल झरनालाई नेपालकै अग्लो झरनाको आधिकारिक मान्यता दिन स्थानीयले आग्रह गरेका छन्।

पटकपटक नापजाँच गर्दा यसअघि नेपालकै लामो भनिएको झरनाभन्दा अग्लो रहेको पत्ता लागेकाले त्यसको आधिकारिक अभिलेख राखी पूर्वाधार विकासमा लगानी र प्रचारप्रसारमा ध्यान दिन स्थानीयको आग्रह छ । स्थानीय शिवराज सेजुवाल पटकपटक नापजाँच गरेर नेपालकै अग्लो दाबी गरिए पनि आधिकारिक अभिलेख राख्ने निकायले ध्यान नदिँदा पर्यटन प्रवर्द्धनका कामसमेत हुन नसकेको बताउनुहुन्छ। “यो झरना नेपालकै लामो हो भन्ने देखिएको छ तर त्यसको आधिकारिक अभिलेख राखिएको छैन। यदि सो अभिलेख राखी झरनाको संरक्षण, विकास तथा पर्यटन प्रवर्द्धन गर्न सकिए कर्णालीको आकर्षक गन्तव्य बन्नसक्छ र यसतर्फ सरोकारवालाको ध्यान जान जरूरी छ”, उहाँले भन्नुभयो । पचाल झरना गाउँपालिकाका प्राविधिक इञ्जिनियर कुलप्रसाद न्यौपानले पनि झरना यसअघि नेपालकै अग्लो भनिएको तेह्रथुमको ह्याप्तुङ झरना (तीन सय ६५ मिटर) भन्दा अग्लो रहेको बताउनुभयो। यो झरना चार सय १५ मिटर अग्लो रहेको उहाँको भनाइ छ । “गाउँपालिकाले गरेको सर्वेक्षणमा पचालझरना खसेको ठाउँदेखि तल ठोक्किएको ठाउँसम्म तीन सय ८१ मिटर उचाइ र ठोक्किएको ठाउँबाट तल झरेको ठाउँसमेतको दूरी लिँदा चार सय १५ मिटर अग्लो रहेको पाइयो”, न्यौपानेले भन्नुभयो, “पर्यटन बोर्डले यसलाई मान्यता दिएमा सबैको ध्यानाकर्षण हुन्थ्यो। जसले पर्यटन प्रवर्द्धनका काम गर्न पनि सहज हुने हाम्रो बुझाइ छ।” गाउँपालिकाका अध्यक्ष देवजङ्ग शाहीले गाउँपालिकाले झरनासम्म पुग्नका लागि पैदलमार्ग, होमस्टे र सूचना केन्द्र स्थापना गरे पनि अन्य निकायबाट सहयोग नपाइएको गुनासो गर्नुभयो । “नेपाल पर्यटन बोर्डले अग्लो झरना भनेर अभिलेख नराखिदँदा प्रचारप्रसार गर्न सकिएको छैन । त्यसैकारण कर्णालीकै प्रमुख पर्यटकीय गन्तव्य बन्नसक्ने यो झरना ओझेलमा परेको छ”, अध्यक्ष शाहीले रासससँग भन्नुभयो । यो झरना सन् २०२० मा सरकारको सय गन्तव्यभित्र परेको थियो।

# दुलेगौडा-लामागाउँ सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ बैशाख

दुलेगौडा-लामागाउँ सडकअन्तर्गत दुलेगौडा-लिलाचोक खण्ड रु २७ करोड ३४ लाख ७९ हजार आठ सय ३४को लागतमा स्तरोन्नति सुरु भएको छ।

शुक्लागण्डकी नगरपालिका-४ कसेरीमा सोमबार आयोजित कार्यक्रममा शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले सडक स्तरोन्नतिको शुभारम्भ गर्नुभएको हो । विश्व बैंकको ऋण सहयोगरनेपालसरकारकोअनुदानमा सञ्चालित सहरी शासन र पूर्वाधार परियोजना (एनयुजिआइपी) अन्तर्गत सात दशमलव एक किलोमिटर कालोपत्र गर्न निर्माण कम्पनी बानियाँ निर्माण सेवासँग सम्झौता भएर काम थालिएको हो। शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडाबाट सुरु हुने कालोपत्रले नगरपालिका-८, ९ र १२ वडालाई जोड्ने छ। उक्त खण्डमा अस्फाल्ट प्रविधिबाट कालोपत्र हुनेछ। केही भागमा ढलान हुनेछ बिपीचोक, हेल्थपोष्टचोक, पुल्चोक, घारी, तालवेशी, मालेबगर हुँदै लिलाचोकसम्म कालोपत्र हुनेछ।

# आयोजनाको ठेक्का अवधि सकियो, प्रगति निराशाजनक

**रामबहादुर थापा**
गण्डकी, ११ बैशाख/रासस

पर्यटकीय राजधानी पोखरामा विद्युत् वितरण प्रणालीलाई भूमिगत गर्ने आयोजनाको प्रगति निराशाजनक देखिएको छ । ठेक्का अवधि सकिसक्दा आयोजनाको भौतिक प्रगति जम्मा ४० प्रतिशत रहेको नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले जनाएको छ।

भारतीय निर्माण कम्पनी टाटा प्रोजेक्ट्सले दुई वर्षभित्रमा काम सक्ने लक्ष्य राखेर विसं २०७८ माघमा उक्त आयोजना निर्माणको जिम्मा पाएको थियो । सम्झौताअनुसार निर्माण कम्पनीले काम नसकेपछि आठ महिना ठेक्का म्याद थपिएको आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीले जानकारी दिनुभयो।

"निर्माण कम्पनीले पोखराको भौगर्भिक बनावटलगायत कारण देखाउँदै काम ढिलो भएको बताइरहेको छ, अपेक्षित रुपमा आयोजनाले गति लिन सकेको छैन", उहाँले भन्नुभयो, "आयोजनाका पेटी ठेकेदारले काम छाड्दै हिँड्न थालेपछि थप समस्या निम्तिएको छ ।" अहिलेको जस्तै सुस्त गतिमा काम भइरहे थपिएको समयावधिमा पनि आयोजना पूरा हुन मुस्किल हुने देखिन्छ । आयोजना प्रमुख सुवेदीका अनुसार ठेक्का सम्झौता भएको १५ महिनापछि अघिल्लो वर्षको वैशाखमा बल्ल निर्माण सुरु भएको थियो । उहाँले आयोजना प्रगति न्यून देखिनुमा निर्माण कम्पनीको ढिलासुस्ती पनि एउटा कारण रहेको बताउनुभयो। "सुरुमा इन्जिनियरिङ डिजाइन, उपकरण र निर्माण सामग्री खरिदमा केही समय लागेपनि निर्माण कम्पनीले सोचे जसरी काम देखाउन सकिरहेको छैन", आयोजना प्रमुख सुवेदीले भन्नुभयो।

पोखराको चट्टानी जमिनका कारण आयोजनासँग पहिले भएको सुरुङ खन्ने उपकरणले काम नगरेपछि उच्च क्षमताको नयाँ उपकरण ल्याउनुपरेको उहाँले बताउनुभयो। अहिले आयोजनासँग सुरुङ खन्ने तीन उपकरण छन् । निर्माण कम्पनीले ५० जनाभन्दा बढी जनशक्तिलाई आयोजनामा खटाएको छ । आयोजना प्रमुख सुवेदीले प्राथमिकता तोकेर पोखराका विभिन्न ठाउँमा तार भूमिगत गर्ने काम भइरहेको बताउनुभयो। "पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशद्वारअघिको सडकदेखि सेती पुलसम्म सुरुङ खन्ने र पाइप बिछ्याउने काम भइरहेको छ", उहाँले भन्नुभयो, "लेकसाइडको गल्ली नं. १५, १६ र १७ मा पाइप बिछ्याउने काम भइसकेको छ ।" सुरुङ निर्माण सकिएपछि पोखरा महानगरपालिका-१० कुँडहरमा रहेको प्राधिकरणको सब-स्टेसन क्षेत्रबाट तार बिछ्याउन सुरु गरिने आयोजनाले जनाएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशमार्गदेखि कुँडहरचोक, अमर सिंहचोक, पृथ्वीचोक हुँदै जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्र बैङ्कचोक, लेकसाइड, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गागायत क्षेत्रमा तार भूमिगत गरिने भएको हो। मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । उहाँका अनुसार विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिछ्याइनेछ । "विद्युत्सँगै केबल र दुरसञ्चार सेवा प्रदायक संस्थाका तार पनि एकैसाथ भूमिगत गरिन्छ, अहिले भएको ओभरहेड प्रणालीका सबै तार हट्छन्", उहाँले भन्नुभयो, "पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो ।" पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने प्राधिकरणले जनाएको छ । पोखरा सहरभरिको तारलाई भूमिगत गर्न रु पाँच अर्ब बढी बजेट चाहिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । पोखरा र भरतपुरमा तार बिछ्याउन रु दुई अर्ब ५० करोड ३३ लाखमा ठेक्का लगाइएको थियो । दुवै सहरमा एकै प्याकेजमा काम भइरहेको हो । तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गर्नेछ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ । 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । यात्रु र यातायातका साधनको आउजाउमा बाधा नपुग्ने गरी निर्माणका काम भइरहेको उहाँको भनाइ छ । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ। विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनेछ । तार भूमिगत गर्दा पर्यटकीय राजधानी पोखराको सौन्दर्य बढ्नुका साथै विद्युतीय दुर्घटनासमेत न्यूनीकरण हुने पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो । भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने प्राविधिक बताउँछन् । तार बिछ्याउँदा ठूलो बजेट लाग्ने भएपनि ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणाली उपयुक्त हुने उनीहरुको भनाइ छ। भूमिगत प्रणालीलाई अन्य सहरमा विस्तार गर्दै जाने योजनामा प्राधिकरण छ । काठमाडौँ उपत्यकापछि भरतपुर र पोखरामा सो परियोजना अघि बढेको हो।



कागबेनीमा पितृ तर्पण गरिँदैः मुस्ताङको कागबेनीस्थित काली र गण्डक नदीको दोभानमा पितृ तर्पण गर्दै तीर्थालुहरु । मुक्तिनाथ दर्शन गर्न जाने भक्तजनहरु यहाँ पितृलाई तर्पण दिएर जाने गर्छन् । तस्बिरः रासस

# पोखरा स्पोर्ट्स अवार्डलाई टेल्जीको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



योमा मा ई मोर्टस् प्रा.लि. ले आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' लाई सहयोग गर्ने भएको छ।

यही वैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुने 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' लाई सफल पार्न टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक बिक्रेता योमा मा ई मोर्टस् प्रा.लि.ले सहयोग गर्ने भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले जनाएको छ। मञ्चले वर्ष खेलाडी महिला तथा पुरुष विधाका विजेतालाई उक्त ब्राण्डको स्कुटरको पुरस्कार स्वरुप प्रदान गर्ने भएको छ।

प्रा.लि.का प्रबन्ध निर्देशक सञ्जिव शिल्पकारले विगत ७ वर्षदेखि निरन्तररुपमा सञ्चालन हुँदै आएको पोखरा स्पोर्टस् अवार्डलाई सफल पार्न सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए।

प्रा.लि.ले मञ्चले सञ्चालन गर्दै आएको अवार्ड सफल पार्न यसअघिका वर्षहरुमा पनि निरन्तर सहयोग गर्दै आएको मञ्चका कोषाध्यक्ष कविता घर्तिमगरले बताइन् । उनका अनुसार गत वर्षपनि एक लाख बढी सहयोग गरेको प्रा.लि.ले यस वर्षपनि उक्त सहयोग नघट्ने गरी सहयोग रहने भएको छ।

प्रा.लि. ले वातावरण मैत्री टेल्जी ब्राण्डको लायन, टाइगर लगायत मोडलका ईलेक्ट्रिक स्कुटरहरुको देशैभर आधिकारीक बिक्रेताका रुपमा काम गर्दै आइरहेको छ । आठौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिने मञ्चका अध्यक्ष बरालले बताए। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग तथा पोखरा महानगरपालिकासँगको सहकार्यमा हुन लागेको कार्यक्रमको प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको छ।

अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिसोर्ट एण्ड स्पा रहेको छ। यसका अलावा राष्ट्रिय खेलकुद परिषद्, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, मादी गाउँपालिका, रुपा गाउँपालिका, गुरुङ हर्वल व्युटी पार्लर लगायतले सघाउने भएका छन्। थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ । अवार्ड कार्यक्रम भव्य बनाउन मुल आयोजक समिति र तेह्र वटा विभिन्न उपसमिति गठन गरिएको मञ्चका महासचिव राजाराम पौडेलले जनाए।

# बेनीका पशुपालक कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ बैशाख

म्याग्दीका बेनी नगरपालिकाले पशुपालक किसानलाई उत्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउन थालेको छ । नगरप्रमुख शुरत केसीले नगरपालिकालाई मासु र दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले पशुपालक किसानलाई उत्पादनमा आधारित प्रोत्साहन रकम दिन थालिएको बताउनुभयो । प्रोत्साहन रकम पाउन किसानले १० भन्दाबढी माउ बाख्रा र तीनभन्दा बढी गाईभैंसी पाल्नुपर्ने नीति रहेकोसमेत नगरप्रमुख केसीले जानकारी दिनुभयो। "कम्तीमा १० बाख्रा पाल्ने कृषकलाई प्रतिगोटा रु तीन हजारका दरले प्रोत्साहन दिन रु सात लाख र न्यूनतम तीन वटा गाईभैंसी पाल्नेलाई प्रतिगोटा रु पाँच हजारका दरले अनुदान दिन रु पाँच लाख बजेट विनियोजन गरिएको छ । सो रकम वडाका कृषि प्राविधिक गोठमै पुगेर प्रोत्साहन वितरण गर्न थालेका छौँ", नगरप्रमुख केसीले भन्नुभयो।

सुरुमै अनुदान दिँदा किसानले व्यावसायिक बन्न मेहनत नगर्ने सुझाव आएपछि उत्पादन गरेपछि मात्रै प्रोत्साहन रकम दिने नीति लिइएको नगरपालिकाले जनाएको छ । नगर क्षेत्रमा १० भन्दाबढी बाख्रा पाल्ने ३४ जना र तीनभन्दा बढी गाईभैंसी पाल्ने १९ जना कृषकलाई सूचीकरण गरिएको र प्रोत्साहन रकम वितरणले पशुपालक कृषकलाई व्यावसायिक बनाउन र टिकाउन सहयोग पुगेको नगरपालिकाको पशुसेवा शाखाका प्राविधिक प्रदीप गौतमले बताउनुभयो।

कृषि क्षेत्रलाई जोड दिएको बेनी नगरपालिकाले यसअघि वडा नं ४ सिङ्गामा चिस्यानगृह बनाएर सुन्तला भण्डारण गरी बेमौसममा बजारमा पठाउने काम गरिरहेको छ भने वडा नं आठ कालीपुलमा कृषिउपज बिक्रीवितरणमा सहजताका लागि कृषिउपज बजारको भवनसमेत निर्माण गरिरहेको छ।

# बाह्र वर्षमा एक हजार दुई सयको मिर्गौला प्रत्यारोपण

**रासस**
काठमाडौं, १२ बैशाख

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले स्थापनाको १२ वर्षमा एक हजार दुई सय ३१ जनाको मिर्गौला प्रत्यारोपण गरेको छ।

भक्तपुरस्थित आफ्नै अस्पतालमा आज आयोजना गरेको १२औँ स्थापना दिवसका अवसरमा केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द श्रेष्ठले स्थापनादेखि हालसम्म ३२ जनाको कलेजो समेत प्रत्यारोपण गरिएको जानकारी दिनुभयो । अस्पतालले २०८० वैशाखदेखि चैत मसान्तसम्म एक सय ८४ जनाको मिर्गौला र १३ जनाको कलेजो प्रत्यारोपण सफलतापूर्वक गरेको उहाँले बताउनुभयो । आगामी दिनमा प्रत्यारोपण प्रतिष्ठान निर्माण गर्ने, सातै प्रदेशमा प्रत्यारोपण सेवा विस्तार गर्ने, पाँच सय शय्याको सुविधा सम्पन्न केन्द्र बनाउनेलगायत लक्ष्य रहेको कार्यकारी निर्देशक डा श्रेष्ठले बताउनुभयो । कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दीपेन्द्ररमण सिंहले केन्द्र स्थापनादेखि यसको विकासका लागि मन्त्रालय निरन्तर लागिरहेको चर्चा गर्दै केन्द्रलाई अगाडि बढाउन मन्त्रालयदेखि सबै निकायले हातेमालो गर्नु आवश्यक भएको उल्लेख गर्नुभयो। सांसद प्रेम सुवालले अस्पतालका लागि जग्गा उपलब्ध गराउने जिम्मेवारी सरकारको भएको बताउनुभयो । सांसद दुर्लभ थापाले भक्तपुर नगरपालिकाले आयोजना गरेको एक हजार दुई सय रोपनीको जग्गामध्ये १० रोपनी मानव अङ्गको अस्पताल बनाउन दिनुपर्ने बताउनुभयो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बिरामीको चाप बढेकाले भवन विस्तारमा जोड दिनुपर्ने बताउनुभयो। सो अवसरमा २०८० सालमा उत्कृष्ट सेवा गरेबापत डा दिपेश श्रेष्ठलाई सर्वोत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको थियो।

# लेखा अधिकृत नहुँदा तीन महिनादेखि कामकाज ठप्प

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ बैशाख

लेखा अधिकृत नहुँदा म्याग्दीको धवलागिरि गाउँपालिकाको कामकाज तीन महिनादेखि ठप्प भएको छ।

लेखा शाखा कर्मचारीविहीन भएपछि आर्थिक काम ठप्प बनेको हो। आर्थिक काम रोकिएपछि प्रशासनिक काम समेत प्रभावित बनेको छ। कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीले तीन महिनादेखि तलब पाएका छैनन् । सामाजिक सुरक्षा भत्ता वितरण रोकिएको छ। विकास निर्माणका काम रोकिएको सेवाग्राहीको गुनासो छ । निर्माण व्यवसायी, आपूर्तिकर्ता र उपभोक्ता समितिले भुक्तानी पाउन सकेका छैनन्। गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले लोकसेवा आयोगमा लेखा अधिकृत माग गरिएपनि पदपूर्ति नभएको बताउनुभयो। उहाँले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालयमा अनुरोध गर्दा लेखा शाखाको कर्मचारी नपाइएको बताउनुभयो । "लेखा शाखामा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गरेका छौँ", उहाँले भन्नुभयो, "लोक सेवाबाट नआउँदासम्म काम फुकाउन छोटो समय र दुर्गमको कारण देखाएर आउन मानेनन्।" गाउँपालिकामा लेखा अधिकृत र लेखापालको दरबन्दी विगत दुई वर्षदेखि रिक्त छ। यसअघि करिब डेढ वर्षसम्म आन्तरिक लेखापरीक्षक तिलक शङ्कर पौडेललाई लेखा शाखा प्रमुखको जिम्मेवारी दिइएको थियो । आर्थिक प्रशासन नियमन गर्नुपर्ने दायित्व भएका लेखापरीक्षकलाई आर्थिक कारोवारको जिम्मेवारी दिन नमिल्ने भएपछि २०८१ फागुन २१ गतेको कार्यपालिका बैठकले पौडेललाई लेखा परीक्षकको मात्रै जिम्मेवारी दिएको छ।

ठेक्का सम्झौता गरेका र काम सम्पन्न भइसकेका विकासे आयोजनाका भुक्तानी निर्माण व्यवसायी र उपभोक्ता समितिले पाउन सकेका छैनन्।

चालु आव २०८०/८१ को ९ महिनामा कूल बजेटको ३० दशमलव ८ प्रतिशत मात्र खर्च भएको छ । गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदीले लेखा अधिकृत र लेखापालको जिम्मेवारीका लागि धेरै जनालाई अनुरोध गरिए पनि आउन नमानेको बताउनुभयो।

कूल ५० भन्दा बढीको दरबन्दी भएको धवलागिरि गाउँपालिकाको प्रशासनिक, प्राविधिक, लेखा, कृषि, भेटेरिनरी, शिक्षा शाखामा एक तिहाइभन्दा कम मात्र कर्मचारी कार्यरत छन्।

# एकीकृत सरकारी कर्मचारी संगठनको भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख




एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल गण्डकी प्रदेश समिति द्वारा प्रकाशित २०८१ सालको भित्तेपात्रो (क्यालेण्डर) विमोचन साथै नयाँ वर्ष २०८१ कोशुभकामना आदान प्रदान कार्यक्रम मंगलबार पोखरामा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत ) समाजवादीका केन्द्रिय स्थाई कमिटी सदस्य तथा गण्डकी प्रदेश ईन्चार्ज तुल बहादुर गुरुङ्गले राष्ट्रसेवक कर्मचारीहरुले सधैं ईमानदारीतापूर्वक राष्ट्र र जनताको पक्षमा आफ्ना दैनिक कार्यसम्पादन गर्दै जाने हो भने मुलुकमा विकराल देखिएको भ्रष्ट्राचार तथा ढिलासुस्ती हटेर जाने बताए । साथै उनले कर्मचारीहरुले आफ्ना हक अधिकार तथा संरक्षणमा एकतावद्ध भएर अगाडी बढ्नु पर्ने सुझाव पनि दिए। कार्यक्रममा विशेष अतिथि एकीकृत सरकारी कर्मचारी संगठन नेपालका केन्द्रिय कार्यवहाक अध्यक्ष शरण कुमार गुरुङ्गले संघीय निजामती कर्मचारी ऐन तत्काल लागु गर्नु पर्ने भन्दै संसदमा टेबुल भएको ऐन संसोधन सहित पास गर्न आफ्नो सहित सबै संघ संगठन एक भएर लाग्नुको विकल्प नभएको बताए। कर्मचारीमा विभेद रहेको भन्दै सबै तहका कर्मचारी को एकता लाई मजुवुत बनाउन एकीकृत सरकारी कर्मचारी संगठन बनाईएको समेत जानकारी दिए । कार्यक्रममा नेकपा (एकीकृत) समाजवादी गण्डकी प्रदेश अध्यक्ष श्रीनाथ बराल, नेकपा एकीकृत समाजवादी कास्की जिल्ला कमिटी अध्यक्ष खड्ग हमाल, एकीकृत सरकारी कर्मचारी संगठन नेपालका केन्द्रिय उपाध्यक्ष चुडा बहादुर जिसी, नेपाल राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय सदस्य श्यामलाल लामिछाने, नेपाल निजामती कर्मचारी संगठन, गण्डकी प्रदेश अध्यक्ष डोलराज पराजुली, नेपाल निजामती कर्मचारी युनियन, गण्डकी प्रदेश अध्यक्ष दिपक रेग्मी, पेशागत महासंघ गण्डकी प्रदेश अध्यक्ष गुमान बहादुर थापा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल गण्डकी प्रदेश अध्यक्ष सोमलाल तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा एकीकृत सरकारी कर्मचारी संगठन कास्की जिल्ला अध्यक्ष गुरु पोखरेलले स्वागत तथा संगठनका पोखरा महानगर कमिटीका सचिव सत्यराज सांखीले कार्यक्रम सञ्चालन गरेका थिए।